33. Ajeet Kumar Singh - Mayor - Bole Bazain Municipality -
34. लिलाम्बर यादव विष्णुपुर गा.पा. अध्यक्ष
35. हरेराम यादव रुपनी गा.पा. अध्यक्ष -
36. दिनेश कु. यादव र रुपनी सम्पर्क - नेकां
37. इ. अमोद कु. यादव ने.वि.प्रा, डेढ़ प्रकाश
38. सतिश कुमार सिंह - अध्यक्ष - तिलाठी कोइलाडी गाउँ -
39. डिल्ल बहादुर थेरोपाले वडा नं. ५ - वडा अध्यक्ष, बारी
40. तिलक शर्मा लामिछाने उ.मे.वि. NCD
41. सन्तोष कु. DFO, Saptari
42. सूर्य नारायण मंडल, छिन्नमस्ता, अध्यक्ष
43. हेमानन्द शाण्डिल्य गा.पा. अध्यक्ष (कलान सिङ्घ)

निर्णय नं. १

COVID -19 नियन्त्रण र रोकथामसँग सम्बन्धित स्वास्थ्य कार्यालय, गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल र जिल्ला प्रशासन कार्यालयद्वारा विगतका दिनहरूमा संचालित गतिविधि, जिल्ला स्तरमा भए गरेका काम र समन्वयको सम्बन्धमा आजको यस बैठक मार्फत सहभागी सबैमा जानकारी गराइयो । त्यसैगरी, विभिन्न पालिकाहरूद्वारा यस सम्बन्धमा विगतका दिनहरूमा संचालित गतिविधिको जानकारी यस बैठक मार्फत सबैमा गराउनुका साथै पालिकाहरूबाट पेश भएका समस्या एवं सुझावहरू उपर छलफल गरियो ।

निर्णय नं. २

प्रदेश सरकार, प्रदेश नं. २ बाट जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट प्रयोग गर्ने गरी उपलब्ध गराइएको चार (४) थान अस्थायी पोर्टेबल शौचालय आगामी दिनमा आवश्यकता एवं औचित्यको आधारमा जिल्ला प्रशासन कार्यालयले उपयुक्त स्थानमा पठाउने । उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

बन्दाबन्दी खुले पश्चात पालिकामा आउन सक्ने व्यक्तिहरूको लगत संकलन गर्नुका साथै तिनीहरूको व्यवस्थापनका लागि उपयुक्त योजना अग्रिम रूपमा बनाउन जि.स.स. को समन्वयमा सबै पालिकाहरूलाई जिल्ला संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार अनुरोध गरिएकोमा उक्त कार्यलाई संवेदनशीलताका साथ द्रुत गतिमा सबै पालिकाले संचालन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं. ४

काठमाण्डौं लगायत देशका विभिन्न स्थानहरूबाट आफ्नो घर फर्किने व्यक्तिहरूको क्रम बढ्दो छ । त्यस्ता व्यक्तिहरूलाई सम्बन्धित पालिकाहरूमा क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ । तर त्यसरी आउने व्यक्तिहरूमा विदेशबाट आएका व्यक्तिहरू पनि हुन सक्ने भएकाले त्यस्ता व्यक्तिहरूको तथा भारत सहित अन्य देशहरूबाट हालसालै फर्किएका र घरमै बसी रहेका व्यक्तिहरूले लगत द्रुत गतिमा सबै पालिकाहरूले संकलन गरी स्वास्थ्य कार्यालयको समन्वयमा अनिवार्य रूपमा PCR परीक्षण गर्ने/गराउने निर्णय गरियो ।